**GOPAL SHRESTHA & CO.**
Chartered Accountants

Devnagar, Saitha Ganesh Tole
Lalitpur-9, Tel: 5537850
249 sahayog marg, anamnager
P.o.Box.: 2043, Kathmandu
Tel: 4245925, 4247671, Fax: 4242371
E-mail: gkshrestha@wlink.com .np

**कुबेर मर्चेन्ट फाइनान्स लिमिटेड**
पुतलीसडक, काठमाण्डौका
**शेयरधनि महानुभावहरू समक्ष**
**लेखा परीक्षकको प्रतिवेदन**

कुबेर मर्चेन्ट फाइनान्स लिमिटेडको यसै साथ संलग्न २०६६ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक बर्ष २०६५/२०६६ को आय विवरण र नगद प्रवाह विवरणको लेखा व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरू उपर लेखा परीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

लेखा परीक्षणको सर्वमान्य सिद्धान्तको आधारमा हामीले नेपाल लेखापरीक्षण मान र प्रचलित अन्य लेखापरीक्षण मान अनुरूप लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरू सारभूत रूपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि लेखा परीक्षण योजना तयार गरी तदनुसार लेखा परीक्षण सम्पन्न गर्नु पर्दछ । बित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य बिवरणलाई पुष्ट्याई गर्नु पर्दछ । बित्तीय बिवरणमा उल्लेखित रकम र खुलाइएका अन्य बिवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छडके परीक्षण समेत लेखा परीक्षणमा समाबेश हुन्छ । कम्पनीले अबलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपुर्ण अनुमान एवं वित्तीय विवरणको प्रस्तुतिको समग्र स्थितिको मुल्याङ्कन पनि लेखा परीक्षणमा समाबेश हुन्छ । लेखा परीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी बिश्वस्त छौ ।

हाम्रो रायमाः

१. माग गर्दा कम्पनीले उपलब्ध गराएको हरहिसाबको विवरण सन्तोषजनक छ ।
२. कम्पनीको हिसाब किताब प्रचलित कानून तथा प्रचलन अनुसार राखेको देखिन्छ ।
३. संलग्न वासलात, नाफा नोक्सान हिसाब कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ तथा नेपाल राष्ट्र बैकको निर्देशानुसार छन् र कम्पनीले राखेको हिसाब किताब र अभिलेख संग दुरूस्त रहेका छन् ।
४. हामीलाई प्राप्त सूचना तथा उपलब्ध गराईएको जानकारीहरूको आधारमा एवं यसै साथ संलग्न लेखा सिद्धान्त तथा लेखा टिप्पणीहरू साथै अध्ययन गर्दा

क) वासलातले २०६६/३/३१ गतेको आर्थिक स्थिति
ख) नाफा नोक्सान हिसाबले २०६६/३/३१ मा समाप्त आर्थिक बर्षको कारोवारको नतीजाको र
ग) नगद प्रवाह हिसाबले २०६६/३/३१ मा समाप्त आर्थिक बर्षको नगद प्रवाहको यथार्थ तथा उचित चित्रण गर्दछ ।

५. नेपाल राष्ट्र बैंकको निर्देशानुसार कम्पनीले प्रवाह गरेको कर्जा तथा सापटमा जोखिम व्यहोर्ने कोषमा आवश्यक रकमको व्यवस्था गरेको छ ।
६. कम्पनीले आफ्नो अख्तियारी भित्र रही नेपाल राष्ट्र बैंकको निर्देशनुसार कारोबार गरेको देखिन्छ ।
७. हामीले परीक्षण गरेको हिसाब किताब तथा प्राप्त जानकारीहरूबाट

क) कम्पनीले आफ्नो कारोवार कम्पनीको तथा निक्षेपकर्ताहरूको हितलाई ध्यानमा राखेर गरेको छ ।
ख) कम्पनीका कुनै संचालक तथा कर्मचारीहरूको कानून बिपरीत वा कम्पनीलाई हानी नोक्सानी हुने कार्य गरेको देखिन आएको छैन ।
ग) कम्पनीको कारोवारहरू सन्तोषप्रद रूपमा संचालन भएको छ ।

Gopal Kumar Shrestha
Lalitpur
Chartered Accountant

गोपाल कुमार श्रेष्ठ एफ.सि.ए
चार्टर्ड एकाउण्टेण्ट

मितिः २०६६/११/१३

KUBER MERCHANT FINANCE LIMITED
KATHMANDU, NEPAL